# सूचनामा पहुँच नीति

सेप्टेम्बर २०१८

ASIAN DEVELOPMENT BANK

ADB

# सूचनामा पहुँच नीति

सेप्टेम्बर २०१८

यो दस्तावेज एडिबीको सार्वजनिक सञ्चार नीति, २०११ बमोजिम एडिबीको सञ्चालक समितिबाट यसमाथि छलफल हुनुअघि सर्वसाधारण समक्ष सार्वजनिक हुँदैछ ।

ASIAN DEVELOPMENT BANK

ADB

© सन् २०१८ एसियाली विकास बैंक
६ एडिबी, एभेन्यू, मण्डालुयोङ सिटी
१५५०, मेट्रो मनिला, फिलिपिन्स
टेलिफोन +६३ २ ६३२ ४४४४; फ्याक्स +६३ २ ६३६ २४४४
www.adb.org

सर्वाधिकार सुरक्षित/सन् २०१८ मा प्रकाशित

प्रकाशन स्टक नं. टिसीएस १८९६२७

कुनै विशेष भूभाग वा भौगोलिक क्षेत्रको अवस्थिति वा सन्दर्भ उल्लेख गर्दा अथवा यो दस्तावेजमा 'देश' वा 'राष्ट' भन्ने शब्द प्रयोग गरिँदा एडिबीले यस्तो कुनै भूभाग वा क्षेत्रको कानूनी एवम् अन्य कुनै हैसियतका बारेमा निर्णायक अवधारणा व्यक्त गर्ने अभिप्राय राखेको छैन ।

यस दस्तावेजमा रहेका जानकारीहरूको, खासगरी व्यक्तिगत र गैर व्यावसायिक प्रयोजनका लागि एडिबीको स्रोत उपयुक्त रूपमा उल्लेख गरेर, छपाई गर्न वा छायाँप्रति बनाउन एडिबी प्रोत्साहित गर्छ । प्रयोगकर्ताहरूलाई एडिबीको प्रष्ट, लिखित स्वीकृतिबिना व्यापारिक उद्देश्यले यो दस्तावेजको पुनः विक्री, पुनः वितरण अथवा यसलाई आधार बनाएर अन्य सामाग्री सिर्जना गर्न बन्देज लगाइएको छ ।

विषयवस्तु सम्बन्धी जानकारी वा प्रतिलिपी अधिकार प्राप्तगर्न pubsmarketing@adb.org

**नोटः**
सुद्धासुद्धी सम्बन्धी जानकारीका लागिः http://www.adb.org/publications/corrigenda

**थप जानकारीका लागि सम्पर्क**
सूचना इकाई
सचिवको कार्यालय
disclosure@adb.org
www.adb.org/site/disclosure/main

यो प्रकाशन एसियाली विकास बैंकको सञ्चालक समितिले सन् २०१८ सेप्टेम्बर २८ तारिखमा पारित गरेको आधिकारिक नीतिपत्रको छापास्वरूप (टाइपसेट) हो ।

**उपाध्यक्ष :** बाम्बाङ सुसान्तोनो, ज्ञान व्यवस्थापन तथा दिगो विकास

**सञ्चालन समिति :** नेस्सिम अहमद, उपमहानिर्देशक, दिगो विकास तथा जलवायु परिवर्तन विभाग (एसडीसीसी)
शिरिन हमिद, मुख्य निर्देशक, सूचना प्रणाली तथा प्रविधि कार्यालय (ओआईएसटी)
हुन किम, महानिर्देशक, दक्षिण एसिया विभाग (एसएआरडी)
तोमोयुकी किमुरा, महानिर्देशक, रणनीति, नीति र पुनरावलोकन विभाग (एसपीडी)
क्रिस्टोफर स्टिफेन्स, महापरामर्शदाता, महापरामर्शदाताको कार्यालय (ओजीसी)
विकी सी. एल. टान, मुख्य निर्देशक, सञ्चार विभाग (डीओसी)
क्रिस्टोफर टिम, उपमहानिर्देशक, निजी क्षेत्र सञ्चालन विभाग (पीएसओडी)
वूचोङ उम, महानिर्देशक, दिगो विकास तथा जलवायु परिवर्तन विभाग (एसडीसीसी)
इयुजेनुए जुकोभ, सचिव, सचिवको कार्यालय (ओएसईसी)

**मुख्य निर्देशक :** विकी सी. एल. टान, सञ्चार विभाग (डीओसी)

**निर्देशक :** ओमाना नायर, आमसञ्चार तथा बाह्य सम्बन्ध महाशाखा, सञ्चार विभाग (डीओसी)

**टोली प्रमुख :** करेन लेन, मुख्य सञ्चार विशेषज्ञ, सञ्चार विभाग (डीओसी)

**टोली सदस्यहरू :** मार्क क्रोवे, मुख्य सम्पादक, (ओएसईसी)
कुरुमी फुकाया, प्रमुख प्रशासनिक सञ्चालन विशेषज्ञ, निजी क्षेत्र सञ्चालन विभाग (पीएसओडी)
लेस्ली लाम, सल्लाहकार तथा प्रमुख, अन्तर निकाय सम्बन्ध तथा गैर पूर्ण स्वामित्व स्रोत संचालन रणनीति, नीति र पुनरावलोकन विभाग (एसपीडी)
ल्याइल्या नाजार्बेकोभा, मुख्य परामर्शदाता, महापरामर्शदाताको कार्यालय (ओजीसी)
फ्रान्सेस्को टोर्निएरी, मुख्य सामाजिक विकास विशेषज्ञ, दक्षिण एसिया विभाग (एसएआरडी)
प्याट्रिक वर्मेइज, सूचना प्रविधि विशेषज्ञ, सूचना प्रणाली तथा प्रविधि कार्यालय (ओआईएसटी)
निक एन्जेलो भिल्लालुज, सञ्चार अधिकृत, सञ्चार विभाग (डीओसी)

कुनै मुलुकको राष्ट्रिय कार्यक्रम वा रणनीति तर्जुमा, कुनै आयोजनामा लगानी गर्दा अथवा यस दस्तावेजमा कुनै खास भूभाग वा भौगोलिक क्षेत्रको उल्लेख गर्दा अथवा सन्दर्भको प्रयोग गर्दा एसियाली विकास बैंकले कुनै पनि भूभाग वा क्षेत्रको कानुनी वा अन्य अवस्थाका बारेमा कुनै निर्णय गर्ने अभिप्राय राखेको हुँदैन ।

# विषय सूची


सङ्क्षिप्त शब्दावली v

१. पृष्ठभूमि 1

२. परिचय 5

३. सिद्धान्त र अपवादहरू 6

क. नीतिका सिद्धान्त 6

ख. सार्वजनिकीकरणका अपवादहरू 8

ग. सार्वजनिक हितमा उल्लङ्घन (सकारात्मक उल्लङ्घन) 12

घ. पहुँचमा बन्देज लगाउने एडिबीको विशेषाधिकार (नकारात्मक उल्लङ्घन) 12

ङ. ऐतिहासिक सूचना 12

४. सूचनाको माग र पुनरावेदन 13

क. सूचनाको माग 13

ख. सूचनामा पहुँच समिति 14

ग. पुनरावेदन 14

घ. सूचनामा पहुँच नीति र अन्य नीतिको सम्बन्ध 15

ङ. अनुपालनको समीक्षा 16

५. नीतिको अनुगमन र संशोधन 17

६. नीति लागु हुने मिति 18

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| एडिबी | - | एसियाली विकास बैंक |
| एआईसी | - | सूचनामा पहुँच समिति |
| एआईपी | - | सूचनामा पहुँच नीति |
| आईएपी | - | स्वतन्त्र पुनरावेदन निकाय |
| पीसीपी | - | सार्वजनिक सञ्चार नीति |
| युएस | - | संयुक्त राज्य |

# १. पृष्ठभूमि

१. एसियाली विकास बैङ्क (एडिबी) को *सार्वजनिक सञ्चार नीति,* सन् २०११ *(पीसीपी)* २०६८ कात्तिक २५ (सन् २०११ अक्टोबर २५) मा सञ्चालक समितिबाट स्वीकृत भएको थियो र २०६८ चैत २० (सन् २०१२ अप्रिल २) देखि कार्यान्वयनमा आयो । त्यसैको नीतिगत व्यवस्था बमोजिम यो समीक्षा गरिएको हो ।

२. **समीक्षा प्रक्रिया ।** समीक्षा प्रक्रियामा रणनीतिक सल्लाह दिन सन् २०१६ जुलाईमा सञ्चालन समितिको गठन भएसँगै *पीसीपी*को समीक्षाको काम सुरु भएको थियो । सन् २०१६ मा एडिबी आफैले *पीसीपी* र अन्य सहकर्मी बहुपक्षीय विकास बैङ्कहरुसँग आन्तरिक परामर्श गरेर वस्तुस्थितिको समीक्षा गऱ्यो । *पीसीपी* समीक्षाकै लागि वेबसाइट बनाइयो, जसमा परामर्शका लागि तयार पारिएको प्रस्तावित नयाँ नीतिको पहिलो मस्यौदा तथा त्यसको कार्यान्वयन सम्बन्धी व्यवस्था सार्वजनिक टिप्पणीको आह्वान गर्दै सन् २०१६ नोभेम्बरमा राखियो ।[१] एडिबीले सन् २०१७ डिसेम्बर र सन् २०१७ जुन-जुलाईमा १६ वटा देशहरु र एउटा क्षेत्रमा[२] बाह्य सरोकारवालाहरुसँग परामर्शहरु गरेको थियो । सन् २०१८ फेब्रुअरीमा परामर्शका लागि दोस्रो मस्यौदा वेबसाइटमा राखिएको थियो । सन् २०१७ अप्रिल र सन् २०१८ अप्रिलमा एडिबीको सञ्चालक समितिसँग अनौपचारिक परामर्श गरिएको थियो । नीति कार्यपत्र तयार पारेर वेबसाइटमा राखिएको थियो र सन् २०१८ जुलाईमा सञ्चालक समितिमा पनि प्रस्तुत गरिएको थियो ।

३. **नीतिको समीक्षा ।** नीतिको समीक्षाले *पीसीपी*का सिद्धान्त र सार्वजनिकीकरणका अपवाद अन्य बहुपक्षीय विकास बैङ्कहरु तथा अन्य धेरै देशका त्यस्ता नीतिहरु अनुरूप रहेको देखायो । यसले अन्य बहुपक्षीय विकास बैङ्कहरु पनि आजभोलि सूचनाको सार्वजनिकीकरणका लागि राम्रो अभ्यास मान्ने गरिएको सिद्धान्तमा आधारित नीतितर्फ जाँदै गरेको पनि देखायो । यसका साथै *पीसीपी*को वार्षिक मूल्याङ्कनले एडिबीको वेबसाइट (www.adb.org) मा सार्वजनिक गरिएका दस्ताबेजको सङ्ख्यामा वृद्धि भएको पनि देखायो । तथापि सार्वजनिकीकरणका आवश्यक मापदण्डबारे कर्मचारीहरु जानकार नहुँदा सार्वजनिक गर्न कहिले काहिँ ढिला भएको पनि मूल्याङ्कन गर्दा पाइयो । खास गरी यस्तो ढिलाइ सन् २०११ मा *पीसीपी* स्वीकृत भएयताका र त्यसै कारण नीतिमा उल्लेख नभएका उत्पादन वा दस्ताबेजको हकमा भएको थियो ।

---

१ ADB. 2016. Public Communications Policy Review. https://www.adb.org/site/disclosure/pcp-review

२ परामर्शको क्रम : बङ्गलादेश, नेपाल, फिलिपिन्स, ताजिकिस्तान, थाइल्यान्ड, कम्बोडिया, लाओ गणतन्त्र, भियतनाम, क्यानाडा, संयुक्त राज्य अमेरिका, युरोप (जर्मनीबाट), अस्ट्रेलिया, पूर्वी टिमोर, फिजी, भारत, अजरबैजान र जर्जिया ।

४. समीक्षामा सूचनाको अनुरोध र पुनरावेदन प्रक्रियाले पनि राम्ररी काम गरेको पाइयो । सन् २०१७ मा एडिबीले सूचनाको माग गरिएका ३,६५३ वटा औपचारिक अनुरोध प्राप्त गऱ्यो, यो सन् २०१२ मा २३० अनुरोधबाट तीव्र सङ्ख्यात्मक वृद्धि हो ।[३] सन् २०१७ मा एडिबीले ८१ प्रतिशत मागलाई निर्धारित ५ दिनभित्रै प्राप्ति स्वीकार पत्र पठाएको र ९६ प्रतिशतमा २० दिनको समय सीमाभित्रै जवाफ दिएको छ । सूचनाको माग गरिएका सात वठा अनुरोधमा सूचना दिन अस्वीकार गरिएको छ, तीमध्ये छ वटा ऋणपत्रका मुद्दा सम्बन्धी वित्तीय संवेदनशीलताका सूचनाको माग भएका थिए । एउटा चाहिँ सन् २०१६ मा जस्तै गरी सन् २०१७ मा पनि पुनरावेदन गरिएको थियो ।[४]

५. **प्रस्तावित नीतिगत परिवर्तन ।** *पीसीपी*ले सूचनाको सार्वजनिकीकरणमा नियममा आधारित पद्धतिको प्रयोग गर्दछ । यसले पूर्वनिर्धारित तथा कडा रुपमा निर्दिष्ट सार्वजनिकीकरणका अपवाद र समयसीमासाथ सम्भाव्य घटना र परिस्थितिलाई आँकलन गर्ने खालको विस्तृत निर्देशिका प्रस्तुत गरेको छ । नियममा आधारित नीतिले सूचनाको साझेदारीमा कडा पद्धति मार्फत् सार्वजनिकीकरणलाई व्यवस्थित गर्दछ । तर एडिबीले तीव्र रूपमा परिवर्तन भइरहेको भौगोलिक क्षेत्रका आवश्यकताका लागि काम गर्ने हुँदा यसको कार्यक्षेत्रमा परिवर्तन भइ रहेको छ । एडिबीको सूचना सार्वजनिकीकरणको नीतिले यो तीव्र विकास प्रक्रियासँग तालमेल गर्नु आवश्यक छ । परिवर्तनलाई तत्काल अनुकूलन गर्नका लागि नीतिमा आधारित पद्धतिहरु प्रायः ज्यादै लचिला पनि छन् । यसले कहिलेकाहिँ लक्षित नीतिगत उद्देश्य (अर्थपूर्ण सुझाव र पृष्ठपोषण उपलब्ध गराउनका लागि सरोकारवालाहरुलाई अनुमति दिन सूचना साझेदारी र सार्वजनिकीकरणको पक्षको पूर्वानुमान) सँग नमिल्ने खालको नतिजा पनि ल्याउन सक्छ ।

६. जस्तो कि सहकर्मी संस्थाहरुको जस्तै, एडिबीले दुईतर्फी सार्वजनिकीकरणको नीतिगत कार्यढाँचाको प्रस्ताव गर्दछ : (१) एडिबीको सञ्चालक समितिबाट स्वीकृत सिद्धान्तमा आधारित नीति, यस पत्रमा निर्धारण भएजस्तो, र (२) एडिबीको सामान्य कार्यविधि अनुरूप व्यवस्थापनबाट स्वीकृत र एडिबीको कार्यसञ्चालन हातेपुस्तिकामा सार्वजनिक गरिएको विस्तृत कार्यान्वयन व्यवस्था ।

७. नीतिमा आधारित प्रभावकारी पद्धतिले एडिबी र सरोकारवालाहरुबीच स्पष्ट सैद्धान्तिक र अग्रसक्रिय सहकार्यात्मक सञ्चारको माग गर्दछ । यसमा कर्मचारी र साझेदारहरुमा नियमित तालिम तथा चेतना अभिवृद्धिका साथै उपयुक्त तवरले, एकनासले र असल नियतसाथ सिद्धान्तहरु कार्यान्वयन भएको सुनिश्चित गर्न स्पष्ट पुनरावेदन प्रक्रिया आवश्यक हुन्छ । नीति सिद्धान्तहरु प्रभावकारी र एकनास रूपमा कार्यान्वयनमा आएको सुनिश्चित गर्न सञ्चालक समितिको समेत सक्रिय अनुगमन र मूल्याङ्कन पनि आवश्यक हुन्छ । नीति, कार्यान्वयन

३ ADB. 2017. Public Communications Policy Annual Report 2017. https://www.adb.org/sites/default/ files/institutional-document/424291/pcp-annual-report-2017.pdf

४ https://www.adb.org/site/disclosure/pcp-implementation/appeals/appeals-received

व्यवस्थापन, अनुगमन प्रतिवेदन र अन्य सम्बन्धित सूचनाहरु एडिबीको एकल वेबपेज[५] मार्फत निरन्तर उपलब्ध गराइनु पर्दछ ।

८. "स्पष्ट, समयमै र उपयुक्त सार्वजनिकीकरण" को नयाँ विस्तारित सिद्धान्तको प्रधानता रहेको प्रस्तावित नीति सिद्धान्त केन्द्रित छ । अन्य सिद्धान्तहरु *पीसीपी*बाट खासै परिवर्तन भएका छैनन् र सीमित अपवादसहित सार्वजनिकीकरणको पक्षको पूर्वानुमानमा आधारित छन् । सञ्चालक समितिबाट परिवर्तन नभएसम्म नीति सिद्धान्तहरु अपरिवर्तित रहने छन् । कार्यान्वयनको व्यवस्थापनका विषयलाई भने अगाडि बढ्ने क्रममा नयाँ उत्पादन वा प्रक्रिया जस्तैगरी प्रतिविम्बित गर्न एडिबीको व्यवस्थापनको स्वीकृतिमा आवश्यकता अनुसार अद्यावधिक गर्न सकिन्छ । यसरी हुने परिवर्तनले कार्यान्वयनमा स्पष्टता र सार्वजनिकीकरणको अनुमान गर्ने क्षमतालाई सुनिश्चित गर्नु पर्दछ । कुनकुन दस्ताबेजहरु र कहिले कहिले नियमित रूपमा सार्वजनिकीकरण गर्नु आवश्यक हुन्छ भन्ने अद्यावधिक जानकारी दिने निर्देशिका एडिबीलाई समयोचित र नीतिगत प्रभावकारितामा सुधार गर्न सहयोग गर्न अभिप्रेरित छ । स्वतन्त्र मूल्याङ्कनका प्रतिवेदनहरु सार्वजनिकीकरण सम्बन्धमा कार्यान्वयनको व्यवस्थाले नै पुरा भएका प्रतिवेदनहरुको सार्वजनिकीकरणको वर्तमान अभ्यासलाई प्रतिविम्बित गर्दछ[६] अथवा एडिबीको स्वतन्त्र मूल्याङ्कन विभागको सञ्चालनमा सञ्चालक समितिबाट भावी नीतिमा स्वीकृति जस्तै अन्य व्यवस्था पनि आवश्यक पर्न सक्छ ।

९. *पीसीपी*बाट प्रस्तावित अन्य परिवर्तनमा पुरानो भइ सकेको पृष्ठभूमि खण्ड र एडिबीको सार्वजनिक सञ्चारको खण्ड हटाउने रहेका छन् । एडिबीको सार्वजनिक सञ्चार पद्धतिले बैङ्कको संस्थागत सञ्चारको अभ्यासबारे व्याख्या गर्दछ । सञ्चारका नयाँ माध्यमहरु आएका लक्षित दर्शक/श्रोताको उदय भएको हुँदा सञ्चार पद्धतिले तीव्र रूपमा परिवर्तन ल्याउन सक्छ । यी गतिविधि सार्वजनिकीकरणका गतिविधिभन्दा सारभूत रूपमा भिन्न हुने भएकाले तिनीहरुलाई बेग्लै दस्ताबेजमा व्याख्या गरिने छ र एडिबीको सूचनामा पहुँच वेबसाइट (पाद टिप्पणी ५) मार्फत उपलब्ध गराइने छ ।

१०. *पीसीपी*लाई परिष्कार गर्ने दृष्टिकोणले यस नीतिलाई सूचनामा पहुँच नीति (एआईपी) भनी नाम परिवर्तन गरिएको छ । नयाँ नामले अझ बढी केन्द्रित भएर सूचनाको सार्वजनिकीकरण र नीतिको सूचना व्यवस्थाका उद्देश्यहरुलाई राम्रो गरी व्याख्या गर्दछ । शीर्षकमा गरिएको यो परिवर्तन सहकर्मी बैङ्कहरु, खासगरी सिद्धान्त केन्द्रित नीतिहरुसँग मेल खाने गरी गरिएको हो ।

५ https://www.adb.org/site/disclosure/main

६ वर्तमान अभ्यास अन्तर्गत सबै स्वतन्त्र मूल्याङ्कन प्रतिवेदनहरु पूरा भएको र व्यवस्थापन तथा सञ्चालक समितिमा प्रस्तुत भएको १४ दिनभित्र प्रकाशित हुन्छन् । स्वतन्त्र मूल्याङ्कन विभागको वार्षिक मूल्याङ्न समीक्षा प्रतिवेदन भने सञ्चालक समितिमा छलफल भएको १४ दिनभित्रमा सार्वजनिक गरिन्छ ।

११. पहिलो र दोस्रो परामर्श मस्यौदामा प्राप्त टिप्पणी र कार्यपत्रका आधारमा यो एडिबीको सञ्चालक समितिमा छलफलका लागि यो समीक्षापत्र तयार पारिएको हो । पारित भएको खण्डमा नयाँ नीति २०७५ पुस १५ (२०१९ जनवरी १) देखि लागु हुनेछ । कार्यान्वयनका प्रावधानहरु एडिबीको व्यवस्थापनबाट स्वीकृत हुनेछन् र नीति लागु भएकै समयदेखि लागु हुनेछन् ।

१२. **स्रोत ।** नयाँ एआईपीको सहज व्यापकताका सुनिश्चित गर्न आन्तरिक र बाह्य पहुँच, चेतना अभिवृद्धि, अनुवाद र कर्मचारीलाई तालिमका लागि प्रारम्भिक बजेट विनियोजन गरिएको थियो । सूचनामा पहुँच नीतिको कार्यान्वयनको पूर्ण जिम्मेवारी सचिवको कार्यालयले लिनेछ । दुई वटा थप पद (एउटा अन्तर्राष्ट्रिय र अर्को आन्तरिक) हरु सृजना गरिएको छ र तिनलाई सूचनामा पहुँच नीतिको कार्यान्वयनमा लगाइने छ । सूचनामा पहुँच नीतिको कार्यान्वयनका लागि अतिरिक्त स्रोतको व्यवस्था वार्षिक बजेट तर्जुमा तथा विनियोजन प्रक्रियाको क्रममा निश्चित गरिने छ ।

# २. परिचय

१३. सूचनामा पहुँच नीतिको उद्देश्य एसियाली विकास बैंक (एडिबी) प्रति सरोकारवालाहरूको विश्वास बढाउनु र एसियाली विकास बैंकका गतिविधिको विकास प्रभाव अभिवृद्धि गर्नु रहेको छ। यस नीतिले एसिया तथा प्रशान्त क्षेत्रमा एडिबीको सहायतामा सञ्चालित विकासका गतिविधिहरूमा पारदर्शिता, जवाफदेहिता र सरोकारवालाहरूको सहभागितामा एडिबीको प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ। यसले एडिबीको कार्यसञ्चालनका बारेमा सूचना माग्ने, प्राप्त गर्ने र खबर गर्ने मानिसको अधिकारलाई मान्यता प्रदान गर्दछ।

१४. यो नीति एडिबीले तयार पार्ने, यसका ऋृणी वा ग्राहकबाट तयार पारिनु पर्ने अथवा एडिबीको कार्यसञ्चालनको क्रममा अन्य पक्षहरूबाट तयार पारिएका र एडिबीमा प्रदान गरिएका दस्तावेज र सूचनाको हकमा लागू हुनेछ।[७] यो नीति एडिबी व्यवस्थापनले स्वीकृत गरेको विस्तृत व्यवस्था अनुरुप कार्यान्वयन गरिने र सामान्य प्रकृया अनुसार सर्वसाधारणलाई उपलब्ध गराइने छ।

७ एडिबीका नीतिहरूको कार्यान्वयन सम्बन्धी व्यवस्था कार्यसञ्चालन कार्यविधि अन्तर्गत एडिबीको *कार्यसञ्चालन हातेपुस्तिका* (समय समयका संशोधनसमेत) मा उपलब्ध छ।

# ४. सिद्धान्त र अपवादहरू

## क. नीतिका सिद्धान्त

१५. सूचनामा पहुँच नीति (एआईपी) देहायका सिद्धान्तहरूमा आधारित छ :

(१) **स्पष्ट रूपमा, समयमा नै र उपयुक्त तवरबाट सार्वजनिकीकरण ।** एडिबीसँग सरोकारवालाहरूको अर्थपूर्ण संलग्नताको क्षमता अभिवृद्धि गर्न र सुशासनलाई प्रवर्द्धन गर्न एडिबीले आफ्नो कार्यसञ्चालन बारेका सूचना स्पष्ट रूपमा, समयमा नै र उपयुक्त तवरबाट सार्वजनिक गर्दछ ।

(२) **सार्वजनिकीकरणको पक्षमा पूर्वानुमान ।** कुनै सूचना यस नीतिमा निर्दिष्ट भएको सार्वजनिकीकरणमा अपवादअन्तर्गत नपर्दासम्म एडिबीले त्यस्तो सूचनाको सार्वजनिकीकरण गर्दछ ।

(३) **सीमित अपवाद ।** सूचनाको पूर्ण सार्वजनिकीकरण सधैँ सम्भव हुँदैन । उदाहरणका लागि एडिबीले विचार बुझ्नु पर्ने, जानकारी दिनुपर्ने, स्पष्ट छलफल गर्नुपर्ने र विचारका बारेमा आन्तरिक रूपमा तथा आफ्नो सदस्य अथवा ग्राहकसँग स्वतन्त्र छलफल गर्नु आवश्यक हुन्छ । अन्य अवस्थामा एडिबीले आफ्ना बाह्य स्रोतका आयोजना सञ्चालन र ग्राहकहरूका विषेश आवश्यकतामा[८] ध्यान दिनु, व्यक्तिको गोपनीयताको अधिकारको रक्षा गर्नु अथवा एडिबीको आफ्नै तथा यसका ग्राहकको वैधानिक व्यावसायिक चासोहरूको सुरक्षा गर्नु आवश्यक हुन्छ । यस नीतिले विभिन्न पक्षहरूका चासोलाई सन्तुलित गर्ने सीमित अपवादहरूको समुच्चय उपलब्ध गराउँछ । तर, अपवादजन्य परिस्थिति अन्तर्गत नीतिगत अपवादलाई खारेज गर्ने (अनुच्छेद ६) वा सामान्यतः सार्वजनिक गरिनु पर्ने सूचना सार्वजनिक नगर्ने (अनुच्छेद ७) अधिकार राख्दछ ।

---

८ ग्राहकको गोप्य व्यावसायिक सूचना सार्वजनिक नगर्ने कानुनी बाध्यात्मक व्यवस्था एडिबीका समकक्षीका साथै ग्राहकहरूसँगको कारोबारमा संलग्न हुनु निजी क्षेत्रका वित्तीय संस्थाहरूको मानक सर्त हो । गोप्य व्यावसायिक सूचनाको संरक्षणको आवश्यकतालाई सूचनाको स्वतन्त्रता सम्बन्धी कानुनहरूमा पनि सामान्यतः पहिचान गरिएको हुन्छ, जसमा विश्वाससाथ प्राप्त गरिएको व्यावसायिक सूचना सार्वजनिक नगर्ने कुरा अपवादका रूपमा समावेश हुन्छ ।

(४) **पूर्वसक्रिय सार्वजनिकीकरण ।** एडिबीको निर्णय प्रक्रियामा सहभागिताको सहजीकरण गर्न एडिबीले आफ्नो कार्यसञ्चालनबारेका आफ्ना ज्ञानका सामग्री तथा सूचना पूर्वसक्रिय रूपमा साझेदारी गर्दछ । पूर्वसक्रिय सार्वजनिकीकरणका लागि एडिबीको वेबसाइट प्राथमिक माध्यम रहेको छ, तथापि सूचना सार्वजनिक गर्न र सञ्चार गर्न एडिबीले अरु उपयुक्त माध्यमको पनि प्रयोग गर्दछ ।

(५) **सूचना र विचारको साझेदारी ।** सूचनामा पहुँच नीतिमा एडिबीको कार्य सञ्चालनका बारेमा मानिसलाई सूचना तथा विचार समान रूपमा माग्न, पाउन र दिनसक्ने प्रक्रिया समावेश छ । प्रभावकारी सञ्चार र सरोकार वालाहरूसँग सूचना र विचारको आदानप्रदान प्रभावकारी र दिगो विकासको महत्वपूर्ण अङ्ग हो ।

(६) **आयोजना प्रभावित मानिस र अन्य सरोकारवालाहरूलाई सूचना दिने ।** एडिबीका आयोजनाहरूका बारेमा प्रभावित मानिस र अन्य सरोकार वालाहरूसँग दुईतर्फी संवाद सुनिश्चित गर्न एडिबीले यसका ऋणी र ग्राहकहरूसँग निकटमा रहेर काम गर्दछ । यो कार्य समय सीमाभित्र सान्दर्भिक भाषा[९] प्रयोग गर्दै तथा आयोजनाबाट प्रभावित मानिस तथा अन्य सरोकारवालाहरूलाई आयोजनाको तर्जुमा तथा कार्यान्वयनमा अर्थपूर्ण योगदान प्रदान गर्न अनुमति दिने तवरबाट गरिन्छ ।

(७) **देश र ग्राहकको अपनत्व ।** एडिबीले सहयोग गरेका वा लगानी गरेका आयोजनाहरूको स्वामित्व एडिबीका ऋणी र ग्राहकहरूले लिन्छन् । त्यस कारण केही घटनामा दस्तावेजहरू सार्वनजिकीकरण गर्नुअघि सार्वजनिक गर्नुपर्ने विषयवस्तु र समयका सन्दर्भमा ऋणी र ग्राहकका विचारलाई ख्यालमा राखिन्छ ।

(८) **स्पष्ट पुनरावेदन प्रक्रिया ।** माग गरिएको सूचना सार्वजनिक नगर्ने एडिबीको निर्णयमा पुनरावेदन गर्ने स्पष्ट प्रक्रिया अर्थपूर्ण सार्वजनिकीकरण कार्यढाँचाको महत्वपूर्ण भाग हो ।

(९) **निरन्तर अनुगमन ।** एडिबीले नीतिको प्रभावकारिताको अनुगमन गर्दछ, यसका सफलता र कमी कमजोरीबाट पाठ सिक्छ र नयाँ प्रविधि र अभ्यासहरूलाई एकसाथ अपनाउँछ ।

---

[९] एडिबीको अनुवाद निर्देशिकाले सामग्रीहरूलाई सरकारी कामकाजको र स्थानीय भाषामा अनुवाद गर्न अनुमति दिन्छ । सम्बन्धित देशको राष्ट्रिय कार्यालयबाट निर्धारण भए बमोजिम हरेक घटना अनुसार स्थानीय भाषाको प्रयोग गर्न सकिने छ ।

## ख. सार्वजनिकीकरणका अपवादहरू

१६. एडिबीले आफ्नो अधीनमा रहेका नीतिगत अपवादअन्तर्गत नपरेका जुनसुकै सूचना सार्वजनिक गर्दछ । खास प्रकृतिका सूचनाको सार्वजनिकीकरणले निर्दिष्ट पक्ष अथवा सार्वजनिक गर्दाका सरोकारका विषयमा लाभभन्दा हानी बढी हुने भनी एडिबीले निर्धारण गरेका आधारमा अपवाद निर्धारित हुन्छन् । लाभ र हानीको मूल्याङ्कन सार्वजनिक गर्दाका सम्भाव्य नकारात्मक असरका विरुद्ध सम्भाव्य फाइदाको वृद्धिको लेखाजोखा गर्ने प्रक्रिया हो । एडिबीको सार्वजनिकीकरण सिद्धान्त (अनुच्छेद ३) को सन्दर्भमा (खासगरी सार्वजनिकीकरणको पक्षमा पूर्वानुमान) त्यस्तो मूल्याङ्कन र सार्वजनिकीकरण नगर्ने विषयका आधार अनुच्छेद ५ मा वर्णन गरिएका सूचनाको वर्गीकरण मा सीमित छन् । एउटा दस्ताबेज वा दस्ताबेजको कुनै भाग एक वा एकभन्दा बढी नीतिगत अपवादअन्तर्गत परेको खण्डमा एडिबीले सार्वजनिक नगर्नका लागि अपवाद(हरू)लाई उद्धृत गर्दछ ।

१७. सकारात्मक उल्लङ्घन सम्बन्धी सूचनामा पहुँच नीतिको प्रावधान (अनुच्छेद ६) का सम्बन्धमा देहायको वर्गका सूचना वा दस्ताबेजहरू सार्वजनिक गरिँदैनन् :

### १. छलफल र निर्णय प्रक्रियामा रहेका

एडिबीको छलफल र निर्णय प्रक्रियाका बारेमा सूचित गर्ने सूचना सामान्यतः सार्वजनिक गरिँदैनन् । यस वर्गको अपवाद निर्णय प्रक्रियाका बारेमा सूचित गर्ने छलफल, वादविवाद र परामर्शहरु स्वतन्त्र र स्पष्ट हुनु पर्दछ भन्ने पूर्वानुमानमा आधारित हुन्छ । यसमा देहाय पर्दछन् :

(१) सार्वजनिक गरिएको खण्डमा अवधारण, विचार र पद्धतिको स्पष्ट आदान प्रदानलाई अवरुद्ध पार्दै एडिबीको छलफल र निर्णय प्रक्रियाको सदाचारमा सम्झौता गर्ने वा गर्नसक्ने सम्भावना रहेको र त्यसैकारण एडिबी र यसका सरोकारवालाहरूको निर्णय र प्रतिफलको गुणस्तरमा नकारात्मक असर पार्ने आन्तरिक सूचना । उदाहरणमा सञ्चालक समितिका सदस्यहरू, निर्देशकका सल्लाहकारहरू, व्यवस्थापनका सदस्यहरू, एडिबीका कर्मचारीहरू र एडिबीका परामर्शदाताहरूबीच आदान प्रदान भएका परामर्श र विचार पर्दछन् । सामान्यतया एडिबीले निर्णय प्रक्रियाको नतिजालाई सार्वजनिक गर्दा यसले त्यस्तो निर्णयमा पुग्न उन्मुख गराउने अवधारणा, विचार र पद्धतिलाई सार्वजनिक नगर्न सक्छ, किनभने सरकोरवालाहरूले त्यस्तो अवधारणा, विचार र पद्धति स्वतन्त्र रूपमा उपस्थित हुनु र छलफल गर्नु आवश्यक हुन्छ ।

(२) सार्वजनिक गरिएका कारण सञ्चालक समितिका सदस्यहरूबीच स्पष्ट अवधारण, विचार र पद्धतिको आदान प्रदानमा अवरोध गर्नसक्ने सञ्चालक

समितिका कागजातहरू बाहेक[१०], सञ्चालक समितिको कारबाही[११], सक्कल उतार[१२], सञ्चालक समितिको बैठकका निर्णय[१३] र खास बोर्ड बैठकमा अध्यक्षको सारांश[१४] दस्तावेजहरू ।

(३) एडिबी र यसका सदस्यहरू तथा एडिबीले सहयोग गरेका अन्य निकायहरूको छलफल तथा निर्णय प्रक्रियाका लागि आदान प्रदान गरिएका, तयार पारिएका र तिनीहरूबीचका छलफल तथा निर्णय प्रक्रियाबाट प्राप्त सूचना । यस्तो सूचना सार्वजनिक गरिएको खण्डमा त्यो सूचनाले अवधारण, विचार र पद्धतिको स्पष्ट आदान प्रदानलाई अवरुद्ध पार्दै एडिबी र यसका सदस्यहरू वा एडिबीका अन्य सहयोगीहरूबीच छलफल र निर्णय प्रक्रियाको सदाचारमा सम्झौता गर्ने वा गर्नसक्ने सम्भावना रहेको ।

## २. गोप्य रूपमा उपलब्ध गराइएको सूचना

(४) सदस्य वा अन्य पक्षबाट एडिबीलाई गोप्य रूपमा उपलब्ध गराइएको सूचना । त्यस्तो सूचनाको संरक्षण गर्नुपर्ने दायित्व एडिबीमा रहेको छ र सदस्य वा अन्य पक्षको लिखित अनुमतिविना एडिबीले त्यस्तो सूचना सार्वजनिक गर्दैन ।

---

[१०] एसियाली विकास बैंकको सञ्चालक समिति नियमावलीको दफा ९ बमोजिम सञ्चालक समतिको बैठकको कारबाही गोप्य रहेको छ । यस नीतिको प्रयोजनका लागि सञ्चालक समितिको कारबाही भन्नाले सञ्चालक समितिको बैठकका लागि वा बैठकमा प्रस्तुत गर्न तथा सञ्चालक समितिका सदस्यहरू र बैठकमा छलफलका लागि तयार पारिएका सूचना र सञ्चालक समितिका काजगातहरू (सञ्चालक समितिका सदस्यहरूका लागि जानकारी, छलफल वा निर्णयार्थ उपलब्ध गराइएका दस्तावेजहरू), सञ्चालक समितिको बैठक वा समितिका बैठकको क्रममा अभिव्यक्त वा भरिएका, सक्कल उतार, निर्णयहरू, र/अथवा समितिको बैठकमा अध्यक्षको सारांश जस्ता सञ्चालक समितिका अभिलेखहरू र एडिबीको व्यवस्थापन, विभाग वा सचिवालय र सञ्चालक समिति, सञ्चालक समितिका सदस्यहरू र/अथवा कार्यकारी निर्देशकको कार्यालयका बीचमा विद्युतीयसमेत सबै प्रकारबाट भएका पत्राचार वा अन्य सञ्चारहरूलाई बुझिने छ ।

[११] नीतिगत अपवादद्वारा प्रतिवन्ध गरिएसम्म सञ्चालक समितिका सदस्यहरूको जानकारीका लागि वितरण गरिएका दस्तावेजहरू वितरण गरिएपछि वबेसाइटमा राखिन्छन् । सञ्चालक समितिको निर्णयार्थ प्रस्तुत दस्तावेजहरू सामान्यत: सञ्चालक समितिबाट स्वीकृत वा पारित भएपछि सार्वजनिक गरिन्छन् ।

[१२] सञ्चालक समितिको औपचारिक बैठकको सक्कल उतार माग भएको खण्डमा र त्यो तयार भएको १० वर्षपछि सक्कल उतार सार्वजनिक गर्न सकिने छ । तर २ अप्रिल २०१२ मा वा त्यो मितिभन्दा पछिका सञ्चालक समितिका औपचारिक बैठकको हकमा र त्यस्तो सूचना नीतिगत अपवादयुक्त नभएको वा त्यसले नीतिगत अपवादलाई सूचित नगर्ने भनी सूचना समितिले निर्धारण गरेको अवस्थामा सक्कल उतार सार्वजनिक गर्न सकिने छ ।

[१३] सञ्चालक समितिका हरेक नियमित बैठकका निर्णयहरू सञ्चालक समितिको बैठकबाट पारित गराएर तर सञ्चालक समितिको सुरु बैठकको मितिले ६० दिनभन्दा ढिला नगरी सार्वजनिक गरिन्छन् । यो १ सेप्टेम्बर २००५ भन्दा पछिका सञ्चालक समितिका नियमित बैठकको हकमा लागु हुन्छ ।

[१४] सदस्य देशको साझेदारी रणनीति र क्षेत्रीय सहायता रणनीतिका सम्बन्धमा भएका सञ्चालक समितिका हरेक बैठकका छलफलमा र सञ्चालक समितिको औपचारिक बैठकबाट पारित र अनुमोदन भएका हरेक नीति वा रणनीतिमा आएको अध्यक्षको सारांश सञ्चालक समितिमा अन्तिम पटक वितरण गरिएको १४ दिनभित्रमा सार्वजनिक गरिन्छ ।

(५) सार्वजनिक गरिएको खण्डमा पक्षको व्यावसायिक लाभ, वित्तीय लाभमा भौतिक क्षति वा हुने वा हुनसक्ने सम्भावना रहेको, अथवा सार्वजनिक गर्दा सूचनाको स्रोत रहेको पक्ष अथवा अन्य पक्षको प्रतिस्पर्धात्मक स्थितिमा असर पर्न सक्ने एडिबीलाई उपलब्ध गराइएको पक्षको स्वामित्वको सूचना वा अन्य सूचना ।

(६) ग्राहक वा अन्य सम्बद्ध पक्षसँग एडिबी प्रवेश/संलग्न भएको गोपनीयता सम्झौता वा सार्वजनिक नगर्ने सम्झौताले समेटेको गोप्य व्यावसायिक सूचना ।

## ३. व्यक्तिगत सूचना

(७) सार्वजनिक गरिएको खण्डमा त्यसले सम्बन्धित व्यक्ति वा एडिबीको नियमले अनुमति दिएको बाहेकको व्यक्तिको व्यक्तिगत विधिसम्मत हितमा सम्झौता हुने वा हुन सक्ने सम्भावना रहेको कुनै पनि व्यक्तिगत सूचना । केही उदाहरणहरूमा नियुक्ति तथा छनौटसँग सम्बन्धित सूचना, रोजगारीको सेवाका सर्तहरू, कार्यसम्पादन मूल्याङ्कन, व्यक्तिगत उपचारको सूचना, व्यक्तिगत सञ्चार, आन्तरिक विवाद निरूपणको कारबाही र पुनरावेदन संयन्त्रसँग सम्बन्धित सूचना अनुसन्धानसँग सम्बन्धित सूचना पर्दछन् ।

## ४. वित्तीय सूचना

(८) सार्वजनिक गरिएको खण्डमा एडिबी र यसको कार्यसञ्चालनमा विधिसम्मत वित्तीय वा व्यावसायिक लाभमा क्षति पुग्ने वा पुग्न सक्ने सम्भावना रहेको वित्तीय सूचना । केही उदाहरणहरूमा एडिबीको भावी ऋणको अनुमान, वित्तीय अनुमान, एडिबीको कोष सञ्चालन (ADBs treasury operations) का लागि गरिएका हरेक लगानीको निर्णय सम्बन्धी तथ्याङ्क, कर्जा मूल्याङ्कनका, साख विश्लेषण, क्रेडिट रेटिङ, यसका ऋणी र अन्य ग्राहकको जोखिम मूल्याङ्कन र पुँजीगत र वित्तीय बजार संवेदनशील हुन सक्ने कुनै पनि सूचना लगायत पर्दछन् ।

(९) सार्वजनिक गरिएको खण्डमा सदस्यको अर्थतन्त्र व्यवस्थापन क्षमतामा क्षति पुग्ने वा पुग्न सक्ने सम्भावना रहेको वित्तीय सूचना ।

## ५. रक्षा र सुरक्षा

(११) सार्वजनिक गरिएको खण्डमा कुनै पनि व्यक्तिको जीवन, स्वास्थ्य, रक्षा वा सुरक्षा; एडिबीको सम्पत्तिको रक्षा र सुरक्षा; अथवा सदस्यको प्रतिरक्षा र राष्ट्रिय सुरक्षामा हानी पुग्ने वा हानी पुग्न सक्ने सम्भावना भएको सूचना ।

## ६. कानुनी र अनुसन्धानको विषयवस्तु

(११) सार्वजनिक गरिएको खण्डमा कानुन व्यवसायी - पक्ष/ग्राहकको वैधानिक विशेषाधिकारलाई हानी पुऱ्याउने वा पुऱ्याउन सक्ने सम्भावना रहेको अथवा लागु हुने कानुन[१५] उल्लङ्घन गर्ने वा गर्न सक्ने सम्भावना भएको (एडिबीको परामर्शदाता वा यसका बाह्य कानुनी सल्लाहकारसँग वा उनीबाट भएका सञ्चारसमेत) वा अन्य कुनै सूचना ।

(१२) जालसाजी, भ्रष्टाचार वा भ्रष्टाचार विरुद्ध एडिबीको नीति[१६] उल्लङ्घन वा दुराचारको अभियोगबारे एडिबीलाई उपलब्ध गराइएको; अथवा जालसाजी, भ्रष्टाचार वा भ्रष्टाचार विरुद्ध एडिबीको नीति उल्लङ्घन वा दुराचारसँग सम्बन्धित अभियोगको अनुसन्धानसँग सम्बन्धित सूचना । एडिबीका नियमहरूले अनुमति दिएको र नियमहरू बमोजिमको जुनसुकै अवस्थामा बाहेक सार्वजनिक गरिएको खण्डमा अनुसन्धान वा न्याय सम्पादनमा हानी पुग्ने वा पुग्नसक्ने सम्भावना रहेको कुनै पनि सूचना ।

## ७. आन्तरिक लेखा परीक्षण प्रतिवेदन र ट्रस्ट फन्ड प्रतिवेदनहरू[१७]

(१३) (क) एडिबीको महालेखा परीक्षकको कार्यालयको आन्तरिक प्रतिवेदन, त्यस्तो प्रतिवेदनमा आन्तरिक प्रणालीसम्बन्धी संवेदनशील सूचना हुनसक्छ र त्यसलाई एडिबीलाई हानी पुऱ्याउन तेस्रो पक्षले उपयोग गर्नसक्छ; र (ख) एडिबीले सञ्चालन गरेका ट्रस्ट फन्डका सम्बन्धमा गरिएका एडिबीका बाह्य लेखा परीक्षकका खास लेखापरीक्षण प्रतिवेदनहरू, जसका लेखापरीक्षणका मापदण्डहरूले प्रतिवेदन र सम्बन्धित वित्तीय विवरणलाई सार्वजनिक गर्न सीमित गरिदिएको हुन्छ ।[१८]

---

१५ यसमा सुरक्षण र बैंङ्क सम्बन्धी कानुन र प्रतिलिपि अधिकार कानुनले लगाएका बन्देज समावेश हुन सक्छन् ।

१६ ADB. 2010. *Anticorruption and Integrity: Our Framework Policies and Strategies*. Manila. https://www.adb.org/sites/default/files/institutional-document/31317/anticorruption-integrity-policy-strategy.pdf; र ADB. 1998. *Anticorruption Policy*. Manila. https://www.adb.org/documents/anticorruption-policy (समय समयमा अद्यावधिक भएको हुन सक्ने) ।

१७ एडिबीको *वार्षिक प्रतिवेदन*को अङ्गका रूपमा सार्वजनिक गरिएको लेखा परीक्षकको विचार र लेखापरिक्षण गरिएको वित्तीय विवरण यस अपवादअन्तर्गत समेटिएका छैनन् ।

१८ खास ट्रस्ट फन्डका वित्तीय विवरण दाताको लेखा प्रणालीका सर्तहरू (जुन सामान्यतः संयुक्त राज्यमा स्वीकार्य लेखा प्रणालीका मापदण्डहरूभन्दा भिन्न हुनसक्छन्) बमोजिम तयार पारिएका र सामान्यतः संयुक्त राज्यमा स्वीकार्य लेखा परीक्षणका मापदण्डहरू अनुरूप लेखा परीक्षण गरिएका (एडिबीका लागि लागु हुने) हुन्छन् । त्यस्तो लेखा परीक्षणका मापदण्डहरूले सामान्यतया संयुक्त राज्यमा स्वीकार्यभन्दा भिन्न मापदण्ड बमोजिमका वित्तीय विवरण र कोषमा सम्बद्धहरूको निर्दिष्ट चासो (उदाहरणका लागि कोषमा योगदान गर्ने र कोषको व्यवस्थापन र/अथवा सञ्चालनको जिम्मेवारी रहेकाको लेखा परीक्षणको मत) ले वित्तीय विवरण सार्वजनिकीकरणलाई सीमित बनाइ दिन्छ ।

## ग. सार्वजनिक हितमा उल्लङ्घन (सकारात्मक उल्लङ्घन)

१८. सूचनाको सार्वजनिकीकरणले त्यसलाई सार्वजनिक गर्दाको हानीभन्दा सार्वजनिक गर्दा सार्वजनिक हित बढी हुने भनी बैंकले निर्धारण गरेको खण्डमा अपवादजन्य परिस्थिति अन्तर्गत सार्वजनिकीकरणमा अपवाद अन्तर्गतको सूचना सार्वजनिक गर्ने अधिकार एडिबीमा रहेको छ । त्यस्तो सूचना सार्वजनिक वा अस्वीकार गर्ने कुनै पनि सिफारिसका लागि सञ्चालक समितिका अभिलेखको हकमा सञ्चालक समितिको र अन्य दस्ताबेजको हकमा अध्यक्षको स्वीकृति आवश्यक पर्दछ ।

## घ. पहुँचमा बन्देज लगाउने एडिबीको विशेषाधिकार (नकारात्मक उल्लङ्घन)

१९. सूचनाको सार्वजनिकीकरणले सार्वजनिक गर्दाको हितभन्दा हानी हुने वा हानी हुनसक्ने सम्भावना बढी रहेको भनी बैंकले निर्धारण गरेको खण्डमा अपवादजन्य परिस्थिति अन्तर्गत सामान्यत: सार्वजनिक गरिनु पर्ने सूचनालाई सार्वजनिक नगर्ने अधिकार पनि एडिबीमा रहेको छ । यस विशेषाधिकारको प्रयोग सञ्चालक समितिले मात्र प्रयोग गर्दछ ।

## ङ. ऐतिहासिक सूचना

२०. एडिबीको कार्यसञ्चालनका सम्बन्धमा २० वर्षभन्दा बढीदेखि एडिबीमा रहेका एडिबीबाट तयार पारिएका अथवा एडिबीलाई उपलब्ध गराइएका कुनै पनि सूचनालाई ऐतिहासिक सूचनाका रूपमा लिइन्छ । माग भएको अवस्थामा सञ्चालक समितिका ऐतिहासिक कार्य-विवरण सार्वजनिक गर्न योग्य हुन्छन् तर सूचनामा पहुँच समितिले अनुच्छेद ५.१ (२) लाई ख्यालमा राखेर सञ्चालक समितिका त्यस्ता कार्य-विवरणमा नीतिगत अपवादजन्य सामग्री नभएको वा उल्लेख नभएको यकीन गर्दछ । अन्य सबै ऐतिहासिक सूचना माग भएको अवस्थामा सार्वजनिक गर्न सकिन्छ, अपवादको रूपमा अनुच्छेद ५.२ (गोपनीय रूपमा उपलब्ध गराइएको सूचना), ५.३ (व्यक्तिगत सूचना), ५.५ (रक्षा र सुरक्षाको सूचना) वा ५.६ (कानुनी र अनुसन्धानको विषयवस्तु) मा उल्लेख भएका सूचना सार्वजनिक गरिने छैनन् ।

# ४. सूचनाको माग र पुनरावेदन

## क. सूचनाको माग

२१. सूचनाका लागि सबै माग लिखित रूपमा गरिनु पर्दछ । माग एडिबीको मुख्यालय, आवासीय नियोग, प्रतिनिधिको कार्यालय वा एडिबीको कुनै पनि विभाग वा कार्यालयमा गर्न सकिन्छ । सूचनाको अनुरोध कहाँ गर्ने भन्ने विस्तृत जानकारी एडिबीको वेबसाइटमा राखिएको छ । अनुरोधमा मागिन लागेको सूचना उपयुक्त अवधिभित्र खोज्न एडिबीलाई सम्भव तुल्याउन औचित्यपूर्ण विशेषतासहित उल्लेख भएको हुनु पर्दछ ।

२२. माग अङ्ग्रेजी अवथा एडिबीका सदस्य देशको सरकारी कामकाजको वा कुनै पनि राष्ट्रिय भाषामा गर्न सकिने छ ।[१९]

२३. असमर्थित माग, पुनरावृत्त माग वा एडिबीले आफ्नो अभिलेख व्यवस्थापन प्रणालीमा उपलब्ध नभएका सूचना अथवा तथ्याङ्क सिर्जना, तर्जुमा वा सङ्कलन गर्नुपर्ने हुनसक्ने कुनै पनि माग स्वीकार गर्न वा जवाफ दिन एडिबी बाध्य छैन । एउटै विषयमा एउटै व्यक्ति, संस्था वा समूहलाई एडिबीले पहिले नै सूचना उपलब्ध गराइ सकेको वा सूचना किन उपलब्ध गराउन सकिँदैन भन्ने कारण बताइ सकेको भए त्यस्तै सूचनाको मागमा पनि यो लागु हुन्छ ।

२४. एडिबीले माग प्राप्त हुने बित्तिकै प्राप्ति स्वीकारपत्र पठाउने छ र मागका बारेमा आफ्नो निर्णयबारे सञ्चार गर्नेछ ।[२०] जटिल माग[२१]का लागि मागकर्तालाई जानकारी गराएको र समयसीमा थपबारे स्वीकृति प्रदान गरेमा एडिबीले मागको जवाफ दिने समयसीमा थप गर्न सक्नेछ ।

---

१९ एडिबीसमक्ष माग गर्न र एडिबीले जवाफ दिनका लागि अङ्ग्रेजी मानक भाषा रहेको छ । स्थानीय परिस्थितिमा निर्भर हुँदै त्यस्तो जवाफलाई अनुवाद गर्न पनि सकिने छ ।

२० अनुच्छेद ६ (सकारात्मक उल्लङ्घन) वा अनुच्छेद ७ (नकारात्मक उल्लङ्घन) अन्तर्गत आफ्नो विशेषाधिकार प्रयोग गर्दा अन्तिम निर्णय भएपछि एडिबीले मागकर्तालाई जानकारी गराउने छ । मागकर्तालाई उपयुक्तताका आधारमा समयसीमा थपबारे सूचित गराइने छ ।

२१ जटिल मागमा बहुस्रोत, ठूलो सङ्ख्याका दस्ताबेजबाट सूचना खोज्ने, धेरै वर्षहरूबाट सूचना सङ्कलन गर्नुपर्ने, कच्चा तथ्याङ्कको सङ्कलन र परस्पर मिलान गरी निष्कर्ष दिनुपर्ने सूचनाका माग पर्दछन् ।

## ख. सूचनामा पहुँच समिति

२५. सूचनामा पहुँच समिति (एआईसी) नीतिको व्याख्या, अनुगमन र समीक्षा गर्न र कार्यान्वयनको व्यवस्था गर्न स्थापना गरिएको निगरानी निकाय हो। यसमा अध्यक्षद्वारा मनोनित एडिबीका वरिष्ठ कर्मचारीहरू रहने छन् र यसले अध्यक्षसमक्ष प्रतिवेदन गर्नेछ। एआईसीले एडिबीका विभाग वा कार्यालयबाट अस्वीकार गरिएका सूचनाका मागमा समीक्षा गर्न आवश्यकता अनुसार आमन्त्रण गर्नेछ। एआईसीले पुनरावेदनका सन्दर्भमा पनि विचार विमर्श र निर्णय गर्नेछ (अनुच्छेद १६)। एआईसीसँग (१) एडिबीका विभाग र कार्यालयबाट भएको सूचनामा पहुँच दिन अस्वीकार गर्ने निर्णयको पालना गराउने वा उल्ट्याउने र (२) नीतिगत अपवादमा समेटिएको सुचना सार्वजनिक हितका लागि सार्वजनिक गर्ने (अनुच्छेद ६) मागबारे निर्णय गर्ने अधिकार पनि हुनेछ।

## ग. पुनरावेदन

२६. सूचनाका लागि आफ्नो माग अस्वीकार गर्दा एडिबीले यस नीतिको उल्लङ्घन गरेको विश्वास मागकर्तालाई लागेमा मागकर्ताले उपयोग गर्न सक्ने दुई चरणको पुनरावेदन प्रक्रिया एबिडीसँग छ। पुनरावेदन कहाँ गर्ने भन्ने विस्तृत विवरण वेबसाइटमा राखिएको छ। जुनसुकै पुनरावेदनमा मागकर्ताका लागि उपलब्ध उपचार माग गरिएको सूचना प्राप्तिमा सीमिति हुनेछ।

२७. दुई चरणको पुनरावेदन प्रक्रिया देहाय बमोजिम छ :

### १. पहिलो चरण : सूचनामा पहुँच समिति

२८. एडिबीबाट सूचनामा पहुँच अस्वीकार गरिएको मागकर्ताले देहायको अवस्था पुरा गरेको खण्डमा सूचनामा पहुँच समिति समक्ष पुनरावेदन गर्न सक्नेछ : (१) नीतिमा उल्लेख भएको आवश्यक कार्यविधि बमोजिम सूचनाका लागि प्रारम्भिक माग गरेको देखाउन सक्ने र (२) माग गरिएको सूचनामा पहुँच दिन अस्वीकार गरेर एडिबीले नीतिको उल्लङ्घन गरेको अथवा अनुच्छेद (६) मा व्याख्या गरे बमोजिम सार्वजनिक हितको विषयवस्तु बनाउन नीतिगत अपवाद(हरू) उल्लङ्घन गर्न उपयुक्त तर्क प्रस्तुत गरेको।

### २. दोस्रो चरण : स्वतन्त्र पुनरावेदन निकाय

२९. सूचनामा पहुँच समिति (एआईसी) ले सूचनाका लागि गरिएको मागमा अस्वीकार गर्ने सुरुको निर्णय कायम राखेको र मागकर्ता अझै पनि एडिबीले सूचना रोकिराखेर आफ्नो नीतिको उल्लङ्घन गरिरहेको छ भन्नेमा अझै विश्वस्त भएमा मागकर्ताले स्वतन्त्र पुनरावेदन निकाय (आईएपी) समक्ष पुनरावेदन गर्न सक्नेछ। एआईसीको

निर्णय कायम राख्ने अथवा उल्ट्याउने अधिकार आईएपीलाई हुनेछ। आईएपीको निर्णय अन्तिम हुनेछ।

३०. आईएपीलाई देहायका विषयसँग सम्बन्धित पुनरावलोकनमा निर्णय गर्ने अधिकार हुने छैन : (१) पुनरावेदन सार्वजनिक हित उल्लङ्घनको विषयमा आधारित रहेको खण्डमा सञ्चालक समिति अथवा अध्यक्षबाट भएको निर्णय र (२) सञ्चालक समितिले सामान्यतः सार्वजनिक सूचनामा प्रतिबन्ध लगाउने आफ्नो विशेषाधिकार प्रयोग गरेर गरेको निर्णय।

३१. आईएपी एडिबीभन्दा बाहिरका तिन जना सूचनामा पहुँच विज्ञ रहनेछन्। अध्यक्षले सञ्चालक समितिको स्वीकृतिमा एआईपीका सदस्यहरू नियुक्त गर्नेछ।

### ३. पुनरावेदन गर्ने र निर्णयको जानकारी दिने

३२. एआईसीमा गरिने सबै पुनरावेदन माग गरिएको सूचनामा पहुँच दिन एडिबीबाट अस्वीकार गरिएको सुरु निर्णय भएको ९० दिनभित्र लिखित रूपमा गर्नु पर्नेछ। एआईपीमा गरिने सबै पुनरावेदन एआईसीबाट पहुँच दिन अस्वीकार भएको सुरु निर्णय कायम राख्ने भनी एआईसीबाट निर्णय भएको ९० दिनभित्र लिखित रूपमा गर्नु पर्नेछ। ९० दिनको समयभन्दा पछि दर्ता हुने गरी प्राप्त भएका पुनरावेदन उपर कारबाही हुने छैन। पुनरावेदनमा देहायका कुरा समावेश हुनु पर्नेछ :

(१) सुरुमा माग गरिएको सूचनाको विवरण, र

(२) तथ्य स्थापित गर्ने र एडिबीले नीतिको उल्लङ्घन गरेको अथवा सार्वजनिक हित उल्लङ्घनको पुनरावेदनको मागकर्ताको दावीलाई समर्थन गर्ने आधार समेटिएको व्याख्यात्मक विवरण।

३३. देहायका आधारमा पुनरावेदन खारेज भएको खण्डमा मागकर्तालाई जानकारी दिइन्छ : (१) आवश्यक समयभित्र दर्ता नभएको, (२) पुनरावेदनलाई तार्किक रूपमा समर्थन गर्न सक्ने पर्याप्त सूचना उपलब्ध गराउन नसकेको, वा (३) पुनरावेदन गरिँदै गरेको विषयवस्तुमा निर्णय गर्ने अधिकार एआईसी र आईएपीसँग नभएका कारण।

## घ. सूचनामा पहुँच नीति र अन्य नीतिको सम्बन्ध

३४. यस नीतिमा सन्दर्भ उल्लेख गरिएका कुनै पनि अन्य नीतिहरूमा समय समयमा संशोधन भए अनुसारका समावेश हुनेछन्।

## ङ. अनुपालनको समीक्षा

३५. सूचनामा पहुँच नीति पुनरावेदन प्रक्रिया (अनुच्छेद १४-२१) मा आधारित छ । एडिबीको जवाफदेहिता संयन्त्र नीतिको अर्थमा सूचनामा पहुँच नीति "क्रियाशील नीति" हो । आयोजना तर्जुमा, तयारी वा कार्यान्वयनको क्रममा एडिबीको यस नीतिको उल्लङ्घन भएको भनी आयोजना प्रभावित मानिसबाट एडिबीको जवाफदेहिता संयन्त्र नीति[२२] अन्तर्गत पनि उजुरी गर्न सकिने छ ।

[२२] जवाफदेहिता संयन्त्रले एडिबीको सहायतामा सञ्चालित आयोजनाहरूबाट नकारात्मक रूपमा प्रभावित मानिसका लागि आवाज उठाउन र समस्यामा समाधान खोज्न तथा एडिबीका कार्यसञ्चालन नीति तथा कार्यविधिहरूको पालना नगरिएको उजुरीका बारेमा सूचित गर्ने मञ्च प्रदान गर्दछ । एडिबी । *जवाफदेहिता संयन्त्र* । https://www.adb.org/site/accountability-mechanism/main

# ५.	नीतिको अनुगमन र संशोधन

३६. एडिबीले यस नीतिको अनुगमन गर्नेछ र वार्षिक प्रतिवेदन आफ्नो वेबसाइटमा राख्ने छ । यस नीतिमा सञ्चालक समितिको स्वीकृतिमा समय समयमा संशोधन हुन सक्नेछ ।

# ६. नीति लागु हुने मिति

३७. यो नीति २०७५ पुस १७ गते (१ जनवरी २०१९) लाग‌ु हुनेछ र *पीसीपी* २०११ लाई खारेज गर्नेछ ।

एसियाली विकास बैंक:

एसियाली विकास बैंक, चरम गरिबीलाई अन्त्य गर्ने आफ्नो प्रयत्नलाई दिगो बनाउँदै एसिया तथा प्रशान्तक्षेत्रलाई समृद्ध, समावेशी, उत्थानशील र दिगो बनाउन प्रतिबद्ध छ। सन् १९६६ मा स्थापना भएको एडिबी ६७ सदस्य राष्ट्रहरूको स्वामित्व भएको बहुपक्षीय विकास बैंक हो। यसमा ४८ सदस्य राष्ट्र एसिया-प्रशान्त क्षेत्रका छन्। एडिबीले नीतिगत संवाद, ऋण, सेयर लगानी, सुरक्षण, अनुदान र प्राविधिक सहायताका माध्यमबाट विकासोन्मुख सदस्य राष्ट्रहरूलाई मद्दत गर्दछ।

ADB

**ASIAN DEVELOPMENT BANK**
6 ADB Avenue, Mandaluyong City
1550 Metro Manila. Philippines
www.adb.org